**आठविसकोट नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ४** **संख्याः १९** **मिति : २०७८/04/0५**

**भाग- १**

**आठविसकोट नगरपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत ऐनहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०७८

नगर कार्यपालिकाबाट पारितः २०७८/०३/०८ गते
नगर सभामा पेशः २०७८/०३/१० गते
नगरसभाबाट पारित : २०७८/०३/२९ गते
प्रमाणित मितिः २०७८/०३/३१ गते

# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठविसकोट, रूकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७८


आठविसकोट नगरपालिका

रुकुम(पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०७८

# आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०७८

आठविसकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७८

**प्रस्तावना** : आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट गर्ने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उप धारा (२) बमोजिम आठविसकोट नगर कार्यपालिकाले यो आर्थिक ऐन तयार पारी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आठविसकोट नगरपालिकाको **आर्थिक ऐन,** २०७८ रहेको छ।

(२) यो ऐन २०७८ साउन १ गते देखि आठविसकोट नगरपालिका क्षेत्रभरी लागू हुनेछ।

२. **सम्पति कर :** नगरपालिका क्षेत्र भित्र अनुसुची -१ बमोजिम सम्पतिकर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत कर ) :** नगरपालिका क्षेत्र भित्र अनुसुची -२ बमोजिम भूमी कर (मालपोत कर ) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसंल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची -३ बमोजिम घर बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ

६. **जडिबुटी, कवाडी र जिवजन्तु कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, नङ, प्वाँख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुची -५ बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लंगाइने र असुल उपर गरिनेछ ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

७. **सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका स्थानिय रुटमा सवारी साधनमा अनुसुची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची -७ विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसायमा सेवामा अनुसुची -८ मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. (क.) ढुङ्गा गिट्टी बालुवा माटोमा लाग्ने दहत्तर बहत्तर कर : सार्वजनिक खरिद एन नियमावलीको अधिनमा रही नगरपालिका क्षेत्र भित्रका ढुङ्गा गिट्टि बालुवा तथा माटो उत्खनन गर्नै स्थलहरुको सम्भाव्यता अध्ययन, प्रारमिभक वातावरणिय प्रभाव मूल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा ढुङ्गा गिट्टि बालुवा तथा माटोको ठेक्का आव्हान गरिनेछ । सार्वजनिक खरिद प्रक्रियाबाट यस्तो कर सङ्कलन नहुने देखिएमा कर्णाली प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दररेटमा नगर कार्यपालिकाको निर्णय बमोजिम यस्तो कर निर्द्धारण तथा असूल गरिनेछ ।

१०. **बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची -९ मा उल्लेख भए अनुसारहाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएमा अनुसुची -१० मा उल्लेख भए अनुसार पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर ,र्‍याप्टिङ शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर र्‍याप्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

१३. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर र्‍याफ्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -१२ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची-१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **फोहोरमैला व्यवस्थापन शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापनन गरे वापत अनुसुची-१५ मा उल्लेखित दरमा फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. **जरीवाना :** कानुन विपरीत कार्य गर्ने व्यक्ति वा निकायलाई अनुसुची-१६ बमोजिम सजाय हुनेछ ।

१७. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१९. **सजाय हुने :** तोकिएको समयावधि भित्र वा आर्थिक वर्षभित्र कर नतिर्ने व्यक्ति वा निकायलाई थप १०% जरिवाना लाग्नेछ ।

२०. **यस ऐनमा** उल्लेख भए बाहेकका अन्य शुल्क वा दस्तुर लिनु पर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरी तोक्न सक्नेछ ।

२१. **नगरपालिका भरी** कुनै पनि किसिमको मदिराजन्य पदार्थ उत्पादन, आयात, बिक्री वितरण र सेवन गर्न नपाइने गरी मदिरामुक्त नगरपालिका घोषणा भईसकेकोले मदिराजन्य पसलहरुको इजाजत पत्र दर्ता, नविकरण लगायतका कुनै पनि कार्यहरु गर्न पाइने छैन ।

२२. **नगर** कार्यपालिकाले मानविय स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्तिजन्य पदार्थ (चुरोट, सुर्ति विंडी लगायत) एवम् यस्तै अन्य पदार्थको उत्पादन, आयात र बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाउने गरी आवश्यक नियम, कार्यविधी वा मापदण्ड बनाउन वा शर्तहरु तोक्न सक्नेछ ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

अनुसुची-१

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

<u>सम्पत्तिकर</u>

| क.सं. | दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|
| १ | पहिलो रु ५ लाख सम्म ०।०२ प्रतिशतका दरले, ५ लाखभन्दा माथि १० लाखसम्म ०।०३ प्रतिशतका दरले, १० लाखभन्दा माथि २० लाखसम्म ०।०५ प्रतिशतका दरले, २० लाखभन्दामाथि ५० लाखसम्म ०।०७ का दरले, ५० लाखभन्दा माथि १ करोडसम्म ०।०९ प्रतिशतका दरले र १ करोडभन्दा माथि जतिसुकै भए पनि ०।१ प्रतिशतका दरले लगाउने । संरचनाको मूल्यांकन अनुसूची १ (क) मा उल्लेख भए बमोजिम हुने । संरचनाको ह्रास कट्टी अनुसूची १।ख बमोजिम हुने । | प्रगतिशील करको सिद्धान्त अनुसार | घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईने र वार्षिक १० प्रतिशत जरिवाना हुने। सम्पत्ति कर सम्बन्धी थप व्यवस्था सम्पत्ति कर सम्बन्धी कार्यविधि २०७४ अनुसार मूल्यांकन समितिले तोके बमोजिम हुने । |

**अनुसची(२**

<u>मालपोत कर</u>

| क.सं. | दर ९प्रति ५०० वर्गमिटर० | पुष्टयाई | कैफियत |
|---|---|---|---|
| १ | अनुसूची २। क मा उल्लेख भए बमोजिम लगाउने | **प्रगतिशील करको सिद्धान्त अनुसार** | घरले चर्चेको जग्गा वाहेकमा मालपोत लगाईने, वार्षिक १० प्रतिशत जरिवाना लाग्ने र विगत वर्षका वक्यौतामा समेत यसै बमोजिम हुनेछ । |

**अनुसुची( ३**

<u>वहाल कर</u>

| सि.नं. | दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|
| १ | बहाल अंकको १० प्रतिशतका दरले । वहाल कर उठाउने प्रयोजनको लागि वहालमा दिने | | बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ। क्षेत्रगत आधारमा आठविसकोट नगरपालिका, नगर कार्यपालिकाले न्युनतम बहाल दर तोक्न सक्नेछ। आठविसकोट नगर |

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली

के.सी.

| | | | |
|---|---|---|---|
| | संरचनाको न्यूनतम भाडा अनुसूची ३.क बमोजिम हुनेछ । | | कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयं घोषणा गरेको वा सम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

## अनुसूची ४

**व्यवसायी कर**

| सि.नं. | विवरण | | प्रस्तावित दर रु | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सानो | मझौला | ठूलो | | |
| १ | किराना पसल | गल्ला/होलसेल | २५०० | २५०० | २५०० | | प्रत्येक आर्थिक वर्ष सुरु भएको असोज मसान्तभित्र व्यवसाय कर दाखिला गरिसक्नु पर्नेछ । तोकिएको अवधिभित्र कर दाखिला नगर्ने व्यवसायी लाई थप २० प्रतिशत जरिवाना लगाईनेछ । यसमा |
| २ | | खूद्रा | २००० | २००० | २००० | | |
| | | अन्य थोरै पूंजी भएका किराना पसल (ग्रामिण भेगका) | ५०० | ५०० | ५०० | | |
| ३ | लत्ता कपडा पसल | फेन्सी (होलसेल/गल्ला) | १५०० | १५०० | ३००० | | |
| ४ | | काचो कपडा (होलसेल/गल्ला) | ३००० | ३००० | ३००० | | |
| | | फेन्सी र काचो कपडा दुवै भएमा | ५००० | ५००० | ५००० | | |
| | | फेन्सी (काचो कपडा खूद्रा) | १५०० | १५०० | १५०० | | |
| ५ | नाई व्यवसाय | | ५०० | ५०० | ५०० | | |
| ६ | सुन चांदी व्यवसाय | | ३००० | ३००० | ३००० | | |
| ७ | सिलाईकटाई | साधारण | ५०० | ५०० | ५०० | | |
| | | टेलरिङ सेन्टर | ३००० | ३००० | ३००० | | |
| ८ | होटेल व्यवसाय | रेष्ट्ररेन्ट (लजिङ, फूडिङ दुवै भएको) | ३५०० | ३५०० | ३५०० | | |
| ९ | | होटेल लजिङ एन्ड फूडिङ भएको | ३००० | ३००० | ३००० | | |

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम
कर्णाली प्रदेश, नेपाल

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | | सामान्य (खानाको व्यवस्था भएको चिया नास्ता बेच्ने) | १५०० | १५०० | १५०० | | उल्लेख भए बाहेक अन्य कार्यविधि आठविसकोट नगरपालिका का नगर कार्यपालिकाले तोक्न सक्नेछ । |
| ११ | | सामान्य (खानाको व्यवस्था **नभएको** चिया नास्ता बेच्ने) | ५०० | ५०० | ५०० | | |
| १२ | बैंक तथा वित्तिय कारोवार | IME, Money Transfer, ऋण तथा बचत सहकारी संस्था, लघुवित्त | ५००० | ५००० | ५००० | | |
| १३ | | **बैंक** | १५००० | १५००० | १५००० | | |
| १४ | शैक्षिक संस्था (निजि) | बोर्डिङ प्रति कक्षा/सेक्सन | ५००० | ५००० | ५००० | | |
| १५ | औषधि पसल | साधारण कम पुंजी/लगानी ५ लाख भन्दा कम (ग्रामीण भेगमा संचालित) | ३००० | ३००० | ३००० | | |
| १६ | | बढि पुंजी/लगानीमा संचालित मुख्य बस्ती/वजारमा संचालित | ५००० | ५००० | ५००० | | |
| १७ | क्लिनिक | | ५००० | ५००० | ५००० | | |
| १८ | पोलिक्लिनिक | | १०००० | १०००० | १०००० | | |
| १९ | सामुदायिक अस्पताल | | २०००० | २०००० | २०००० | | |
| २० | उद्योग | काष्ठ/फर्निचर (साधारण) | ३५०० | ३५०० | ३५०० | | |
| २१ | | काष्ठ/फर्निचर (बढि पुंजी भएका) | ५००० | ५००० | ५००० | | |
| २२ | | ग्रिल | ५००० | ५००० | ५००० | | |
| २३ | | क्रसर | १०००० | १०००० | १०००० | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | | कागज उद्योग | ३५०० | ३५०० | ३५०० | |
| २५ | बधशाला/मासु व्यवसाय (फ्रेस हाउस) | | ४००० | ४००० | ४००० | |
| २६ | भाडा पसल | | ५००० | ५००० | ५००० | |
| २७ | पानी मिल | | २००० | २००० | २००० | |
| २८ | घट्ट | ३ महिना चल्ने | | | १०० | |
| २९ | | ६ महिना चल्ने | | | २०० | |
| ३० | | ९ महिना वा सो भन्दा बढि चल्ने | | | ३०० | |
| ३१ | हार्डवेयर | | १५००० | १५००० | १५००० | |
| ३२ | फोटो स्टुडियो | | २००० | २००० | २००० | |
| ३३ | स्टेशनरी पसल | | ३००० | ३००० | ३००० | |
| ३४ | अफसेट प्रेस तथा छापाखाना | | १०००० | १०००० | १०००० | |
| ३५ | इलेक्ट्रोनिक्स पसल | | ३००० | ३००० | ३००० | |
| ३६ | तरकारी तथा फलफूल पसल | | १००० | १००० | १००० | |
| ३७ | कस्मेटिक पसलहरु | | २००० | २००० | २००० | |
| ३८ | झोला कुम्लामा व्यापार गर्ने व्यापारी | | १००० | १००० | १००० | |
| ३९ | डिपार्टमेन्टल स्टोर | | ५००० | ५००० | ५००० | |
| ४० | सवारीसाधन पार्टपूर्जा | | २००० | २००० | २००० | |
| ४१ | रोडाबालुवा | | ३००० | ३००० | ३००० | |
| ४२ | पेट्रोलपम्प | | ५००० | ५००० | ५००० | |
| ४३ | दूधदही विक्रि पसल | | १००० | १००० | १००० | |
| ४४ | मोटरसाइकल वर्कसप | | २००० | २००० | २००० | |
| ४५ | चिकित्सक | | | ३००० | ३००० | |
| ४६ | इन्जिनियर | | | ३००० | ३००० | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | कानून व्यवसायी | १००० | १५०० | २००० | | |
| ४८ | कन्सल्टेन्सी | २००० | २००० | ३००० | | |
| ४९ | डेरीउद्योग | १५०० | १५०० | १५०० | | |
| ५० | साइवर | १५०० | १५०० | १५०० | | |
| ५१ | मर्मतसंभार व्यवसाय, मोटरसाइकल बस ट्रक जीप हेभि इक्विपमेन्ट) | २००० | २००० | ३००० | | |
| ५२ | पशुवधशाला | २५०० | २५०० | २५०० | | |
| ५३ | व्युटीपार्लर | २००० | २००० | २००० | | |
| ५४ | टिकट काउन्टर | २००० | २००० | २००० | | |
| ५५ | होस्टेल | ३००० | ३००० | ३००० | | |
| ५६ | निर्माण व्यवसायी ( घ वर्गको) | २०००० | | | सूचीकृत गर्दा तोकिएको शुल्कको १० प्रतिशत लाग्ने | |
| ५७ | निर्माण व्यवसायी सुची दर्ता | घ वर्ग ५०००, ग वर्ग १००००, ख वर्ग२०००० क वर्ग ४०००० | | | | |
| ५८ | **अन्य नतोकिएका व्यवसाय** | ३००० | ३००० | ३००० | | |
| ५९ | कृषक सहकार्य समूह दर्ता | ५०० | | | | |
| ६० | महिला /दलित/अपाङ्गता भएका लक्षित वर्गहरुको समुह दर्ता | २५० | | | | |
| ६१ | सहकारी दर्ता | ३००० | | | | |

१. अन्यत्र दर्ता (घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, कम्पनी रजिष्टारको कार्यालय लगायत दर्ताको लागि तोकिएका अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले नगरपालिकाबाट अनिवार्य रुपमा

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय गर्न पाउनेछन् ।

२. अन्यत्र दर्ता नभएका साना व्यवसायीहरुले यस नगरपालिकामा दर्ता भएर मात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्नुपर्नेछ ।

**३. व्यवसाय दर्ता नविकरण दस्तुर (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने):- व्यवसाय दर्ता गर्न लागेको** शुल्कको आधा लाग्नेछ । निर्माण व्यवसायी व्यवसायीको हकमा माथि ५६ अनुसार हुनेछ ।

४. यस नगरपालिका क्षेत्रमा कृषक सहकार्य समूह दर्ता तथा सहुलियतपूर्ण कर्जाका गरिने सम्पूर्ण सिफारिसहरुका लागि कुनै पनि शुल्क लिइने छैन ।

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | **विवरण** | प्रस्तावितदर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १ | यार्सागुम्वा | **कूल मूल्यको १ प्रतिशत** | | कानूनमा निषेध गरिएका जडिबुटी कवाडी तथा जीवजन्तुको व्वाँख छाला लगायत संकलन गरिएमाख कानून बमोजिम दण्डित गर्ने तथा गराउने । |
| २ | यार्सागुम्वा बाहेकका अन्य जडिबुटी | प्रचलित वजार मूल्यको ५ प्रतिशत | | |
| ३ | कवाडी माल सिसा | प्रतिकिलो रु १ | | |
| ४ | खोटो | प्रतिकिलो/लिटर रु ७ | | |
| ५ | काठ प्रति घनफिट | **रु** ७ | | |
| ६ | कानूनले निशेष गरेका बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड सिंङ छाला प्वांख | कूल मूल्यको २ प्रतिशत | | |
| ७ | कागजजन्य सामानका लागि | प्रति किलोग्राम रु एक | | |
| ८ | फलामजन्य सामानका लागि | प्रति किलोग्राम रु दूई | | |
| ९ | स्टिलजन्य सामानका लागि | प्रति किलोग्राम रु दूई | | |
| १० | अन्यका हकमा | प्रति किलोग्राम रु दूई | | |

## सवारी साधन कर

**१. सडक निर्माण तथा मर्मत संभार दस्तूर**

| **क.सं.** | विवरण | प्रस्तावित दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दुई प्राङ्ग्रे सवारी साधन | मोटर साइकल | ० | नगरपालिकाभित्रको सडकलाई सधैंभरी दुरुस्त राखी नगरपालिकाभित्र चल्ने एवम् नगरपालिकाबाट अन्यत्र चल्ने सवारी आवागमनलाई सुरक्षित र व्यवस्थित तुल्याउन नगरपालिकाले पूर्ण जिम्मेवारी लिन वाञ्छनिय भएको | |
| २ | | अटोरिक्सा | २५ | | |
| ३ | चार पाङ्ग्रे सवारी साधन | बस | १०० | | |
| ४ | | ट्रक | २०० | | |
| ५ | | ट्याक्टर | १०० | | |
| ६ | | जिप, माइक्रो बस, भ्यान | ५० | | |
| ७ | | टिप्पर | १०० | | |
| ८ | | मिनि ट्रक | १०० | | |
| ९ | | डोजर, एक्साभेटर लोडर | ५०० | | |
| १० | प्राइभेट सवारी साधन (जिप कार भ्यान) | | ५० | | |

२। आठविसकोट नगरपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका तथा आठविसकोट नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुने:

| | | | | |
|---|---|---|---|---|
| १ | ईन्जीनबाट चल्ने जुन कुनै दुई पाङ्गे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु | ४०० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई प्राप्त कर असुली सम्बन्धि अधिकारको कार्यान्वयन गर्न वाञ्छनिय भएको | |
| २ | कार, जीप, भ्यान वा यस्तै चार पाङ्गे सवारी साधनको वार्षिक रु | १००० | | |
| ३ | टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु | १००० | | |
| ४ | मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्गे सवारी साधनको वार्षिक रु | २००० | | |
| ५ | ठुला बस, ट्रक वा चार पाङ्गे सवारी साधनको वार्षिक रु | ३००० | | |
| ६ | हेभी गाडी, डोजर केन वा यस्तै सवारी साधनको वार्षिक रु | ५००० | | |
| ७ | अन्य सवारी साधनको वार्षिक रु | १००० | | |
| ८ | विद्युतीय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा तोकिएको दरमा पचास प्रतिशत छुट हुने । | | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

# विज्ञापन कर

| क्र.सं. | विवरण | दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड प्रति वर्गफिट | रु ५ | | १) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामाग्रि राख्न पाइनेछैन । २) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन । ३) बाटोको सीमानादेखि दश फिट भित्र तथा सँधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइनेछैन । ४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै सरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन । भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन । ६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा आठविसकोट नगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार पसार गर्न पाईने छैन |
| २ | रंगिन विज्ञापन | छपाई शूल्कको १० प्रतिशत | | |
| ३ | सादा पोष्टर, पम्पलेट | प्रति पोष्टर १० पैसा | | |
| ४ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ६०० | | |
| ५ | होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ८०० | | |
| ६ | डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ७०० | | |
| ७ | माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको लागि प्रति दिन रु | १५० | | |
| ८ | माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु | १०० | | |
| ९ | खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वायर फुटका लागि प्रति दिन रु | ४०० | | |
| १० | सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्ग्रा बीचको भाग, पछाडीको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथि पट्टीको भेन्टीलेशनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु | २०० | | |

गोर्खा बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ११ | आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बाकेर गरिने विज्ञापन (प्रति दिन) रु. | १५० | | |
| १२ | अन्यको हकमा प्रति वर्गफिट् प्रति बर्ष रु | ४५० | | |

## मनोरञ्जन कर

| क.सं. | विवरण। | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन रु २००० | | थप कार्यविधि आठविसकोट नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

## बहाल विटौरी कर

| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | निर्माण रेखदेख मर्मत संभार खर्च | यस सम्बन्धमा आठविसकोट नगरपालिका नगर कार्यपालिकाले तोके बमोजिमहुने | | बहालमा दिने संरचनाको स्वरुप अनुसार थप कार्यविधि आठविसकोट नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

## पार्किङ शुल्क

| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा रु १५ | | नगरपालिकाले तोकेको स्थलमामात्र पार्किङगर्नुपर्नेछ । सार्वजनिक आवगमनमा असर पुग्ने गरी पार्किङ गरेमा रु ५०० देखि |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा रु ३० | | |
| ३ | ५ पाङग्रे वा सो भन्दा बढीका लागि | प्रतिघण्टा रु ५० | | |

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

गोर्ख बहादुर के.सी. नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | ५०००सम्म जरिवाना गरिनेछ । |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

## ट्रेकिङ शूल्क

| क्र.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | स्वदेशी | रु २० प्रति दिन | | |
| २ | विदेशी | १ डलर प्रतिदिन | | |

## सेवा शुल्क तथा दस्तूर

| क्र.स. | सेवाको विवरण | प्रस्तावित दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | ३०० | | |
| २ | मोहि लगत कट्टा सिफारिस | ५०० | | |
| ३ | नक्सामा घर कायम सिफारिस | ५०० | | |
| ४ | छात्रवृति सिफारिस | १०० | | |
| ५ | विपन्न विद्याथी छात्रवृति सिफारिस | ० | | |
| ६ | अपाङ्ग सिफारिस | ० | | |
| ७ | अस्थायी बसोबास सिफारिस | स्वदेशमा रु ५०० र विदेशमा रु १००० | | |
| ८ | स्थायी बसोबास सिफारिस | २५० | | |
| ९ | नागरिकता सिफारिस | १०० | | |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | १५० | | |
| ११ | अंगिकृत नागरिकता सिफारिस | १००० | | |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००० | | |
| १३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १४ | विद्युत जडान सिफारिस | नक्सापास भएमा ५०० नक्सा पास नभएमा १००० | | कच्चीघरको हकमा रु १०० |
| १५ | धारा जडान सिफारिस | नक्सापास भएमा ५०० नक्सा पास नभएमा १००० | | कच्चीघरको हकमा रु १०० |
| १६ | जिवित रहेको सिफारिस | ५०० | | |
| १७ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस /फरक जन्ममिति संशोधन सिफारिस | १५० | | |
| १८ | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | प्रतिहजार रु १ | | |
| १९ | व्यवसाय बन्द सिफारिस | ५०० | | |
| २० | व्यवसाय संचालन नभएको सिफारिस | ५०० | | |
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | | |
| २२ | कोर्ट फि मिनाहा सिफारिस | ० | | |
| २३ | नाबालक परिचयपत्र सिफारिस | १०० | | |
| २४ | चौपाय सम्बन्धि सिफारिस | ३०० | | |
| २५ | व्यवसाय दर्ता सिफारिस | ५०० | | |
| २६ | उद्योग ठाउंसारी सिफारिस | ५०० | | |
| २७ | आन्तरिक बसाइसराई सिफारिस | १०० | | |
| २९. | विद्यालय संचालन स्वीकृती/कक्षा वृद्धि अनुमति (सामुदायिक) | ७५०० | | |
| २९ क. | विद्यालय संचालन स्वीकृती/कक्षा वृद्धि अनुमति (सामुदायिक) सिफारिस | ५०० | | |
| ३० | विद्यालयमा संकाय थप सिफारिस | १५००० | | |
| ३२ | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति (सामुदायिक) | १०००० | | |
| ३३ | व्यक्तिगत विवरण सिफारिस | १५० | | |

नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ३४ | जग्गा दर्ता सिफारिस | १५० (प्रति रोपनी) | | |
| ३५ | संरक्षक सिफारिस (व्यक्तिगत) | १५० | | |
| ३६ | संरक्षक सिफारिस (संस्थागत) | १०० | | |
| ३७ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | | |
| ३८ | जिवितसंगको नाता प्रमाणित | २०० | | |
| ३९ | मृतकसंगको नाता प्रमाणित | १०० | | |
| ४० | कोठा खोल्ने कार्य/रोवरमा वस्ने कार्य | १००० (प्रतिकोठा) | | |
| ४१ | निःशूल्क वा सःशूल्क स्वास्थ्य उपचार सिफारिस | ० | | |
| ४२ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | ज़छए | | |
| ४३ | संस्था दर्ता सिफारिस (नाफामूखी) | १००० | | नवीकरण गर्दा रु ५०० मात्र |
| ४४ | संस्था दर्ता सिफारिस (गैर नाफामूखी) | १००० | | नवीकरण गर्दा रु ५०० मात्र |
| ४५ | लक्षित वर्ग अन्तरगतका समूह दर्ता सिफारीस | १०० | | |
| ४६ | घर बाटो प्रमाणित | ५०० | ग्रामिणक्षेत्रमा रु १०० | |
| ४७ | चार किल्ला प्रमाणित | ७५० | ग्रामिणक्षेत्रमा रु ५०० | |
| ४८ | जन्म मिति प्रमाणित | ५०० | | |
| ४९ | विवाह प्रमाणित | १००० | | |
| ५० | कागज/मन्जुरिनामा प्रमाणित | ५०० | | |
| ५१ | हकवाला वा हकदार प्रमाणित | ५०० | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ५२ | अविवाहित प्रमाणित | १००० | | |
| ५३ | जग्गा रेखांकनको कार्य/सो कार्यको रोवर | ५०० | | |
| ५४ | जग्गाको फिल्ड रेखांकन | न्युनतम रु ३००० प्रतिकित्ता र प्रतिकोष र प्रति रोपनी थप रु. ३०० | | |
| ५५ | ट्रेस नक्सा | प्रति कित्ता रु. १०० | | |
| ५६ | जग्गा धनी पूर्जा हराएको सिफारिस | १५० | | |
| ५७ | पूर्जामा घर कायम गर्ने सिफारिस | ५०० | | |
| ५८ | अंग्रेजी सिफारिस तथा प्रमाणित | १००० | | |
| ५९ | मिलापत्र कागज गराउने | मिलापत्रको प्रकृति हेरी ५०० देखि १५००० | | |
| ६० | एकिकृत सम्पति कर/घर जग्गा कर सिफारिस | २०० | | |
| ६१ | बहाल कर सिफारिस | २०० | | |
| ६२ | विज्ञापन कर सिफारिस | २०० | | |
| ६३ | मालपोत वा भूमी कर सिफारिस | २०० | | |
| ६४ | जन्म दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु २०० र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५००, प्रतिलिपि रु. ५०० | | |
| ६५ | मृत्यू दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु २०० र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५००, प्रतिलिपि रु. ५०० | | |
| ६६ | बसाइसराई जाने आउने दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु २०० र त्यसपछि जतिसुकै | | |

गोर्खबहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | दिन भएपनि रु. ५००, प्रतिलिपि रु. ५०० | | |
| ६७ | सम्बन्धविच्छेद दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु २०० र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५००, प्रतिलिपि रु. ५००रु. ५० | | |
| ६८ | विवाह दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु २०० र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५००, प्रतिलिपि रु. ५०० | | |
| ६९ | नयां व्यवसाय दर्ता सिफारिस | ५०० | | |
| ७० | व्यवसाय नविकरण सिफारिस | २५० | | |
| ७१ | योजना संभ्रौता सिफारिस/उपभोक्ता समिति दर्ता सिफारिस | २०० | | ५ लाख भन्दा मांथिको योजना सम्झौता सिफारिस वा उपभोक्ता समिति दर्ता सिफारिसको हकमा १००० |
| ७२ | बैंक खाता खोल्ने सिफारिस | १५० | | |
| ७३ | इन्जिनियरिङ्ग दर्ता/नविकरण(सुचिकृत) शूल्क | ७००० | | |
| ७४ | भवन निर्माण स्वीकृती आवासीय प्रयोजनको लागि प्रति वर्ग फुट | १० | | |
| ७५ | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | १५ | | |
| ७६ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्शा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्शा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | २५ | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७७ | भवन नक्शा नामसारी दस्तूर प्रति वर्गफिट | २ (नियमित) र ७(तहगत) | | |
| ७८ | नगरपालिका भित्र कार्यक्षेत्र भएका क्लब, संघसंस्था (गैर नाफामूलक), सहकारी संस्था सूचीकृतशुल्क | ५००. | | |
| ७९ | विभिन्न यातायात प्रा.लि., नाफामूलक संघसंस्था, व्यवसाय सूचीकृत शुल्क | १००० | | |
| ८० | कार्य सम्पन्न सिफारिस | योजनाको कूल लागत एक लाख वा सो भन्दा कम भएमा रु ५००, एक लाख भन्दा माथि दश लाख भन्दा कम भएमा रु १०००, दश लाख देखि पचास लाख भएमा रु ५००० र सो भन्दा माथि भएमा रु १०००० | | |
| ८१ | जरिवाना न्यूनतम | १००० | | |
| ८२ | उजुरी दर्ता शुल्क | १०० | | |
| ८३ | यसमा उल्लेख भए बाहेक अन्य भएमा | ५०० | | |
| **पशू स्वास्थ्य उपचार, सेवा शूल्क** | | | | |
| ८४ | भैसी,राागो | १० | | |
| ८५ | गाई, गोरु | १० | | |
| ८६ | बाख्रा,भेडा | ५ | | |
| ८७ | घोडा, खच्चड, वंगुर | २५ | | |
| ८८ | कूखूरा, हाास | ५ | | |
| ८९ | कूकूर | २० | | |
| ९० | गोवर परिक्षण | १० | | |
| **पशु बन्ध्याकरण सेवा शुल्क** | | | | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ९१ | गोरु | २० | | |
| ९२ | बोका | १० | | |
| ९३ | घोडा | १०० | | |
| ९४ | कुकुर | १०० | | |

## क्वारेन्टाईन शुल्क/स्वास्थ्य परिक्षण शुल्क/सिफारीस शुल्क

| | | | | |
|---|---|---|---|---|
| ९५ | भैसी, राँगा | १०० | | |
| ९६ | बोका, खसी, साढा | २० | | |
| ९७ | बाखा, भेडा | १० | | |
| ९८ | कूखुरा | ५ | | |

## पर्यटन शूल्क (प्रतिदिन)

| क्र.स. | विवरण | दर | | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | दृश्यावलोकण | स्वदेशी | रू. १० | | |
| २ | | विदेशी | १ डलर | | |
| ३ | हिमाल आरोहण | विदेशी | रू. १० | | |
| ४ | | विदेशी | १०० डलर | | |
| ५ | अध्ययन भ्रमण | स्वदेशी | रू. १० | | |
| ६ | | विदेशी | १ डलर | | |
| ७ | तिर्थयात्रा | स्वदेशी | रू. १० | | |
| ८ | | विदेशी | १ डलर | | |

## आर्यात/ निर्यात शूल्क

| | | | | |
|---|---|---|---|---|
| १ | घिउ | प्रति किलो रु १ | | |
| २ | मह | प्रति किलो एक रु २ | | |
| ३ | फलफूल | प्रति किलो एक रु ५० पैसा | | |

गोरा बहादुर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४ | तरकारी | प्रति किलो एक रु ५० पैसा | | |
| ५ | दूध | प्रति लिटर ५० पैसा | | |
| ६ | खसी बोका | प्रति गोटा रु २० | | |
| ७ | ठूला पशू चौपाय ( रांगा भैसी आदि) | प्रति गोटा रु १०० तर गाई गोरुको हकमा प्रति गोटा रु ५० लाग्ने | | |
| ८ | कुखुरा | प्रति गोटा १ | | |
| १० | चूरोट सूर्ति | प्रति पोका १० / प्रति बोरा ३०० | | |
| ११ | अण्डा | प्रति गोटा १० पैसा | | |

**फोहोर मैला व्यवस्थापन शुल्क**

| क्र.स. | विवरण | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | सबै प्रकारका होटेल व्यवसाय | १२० | | नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावि फोहोर फाल्ने व्यक्ति वा निकायलाई रु ५०० देखि ५००० सम्म जरिवाना गरिने,पोल्टि फर्म,वधशाला नगरपालिकाले तोकेको स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ । |
| २ | पोल्टी फर्म | १५० | | |
| ३ | वधशाला, फ्रेस हाउस | ७५ | | |
| ४ | माथि उल्लेखित बाहेक अन्य व्यवसाय पसलहरुको लागि | ७५ | | |
| ५ | घर भित्रबाट निष्कने फोहोर | १५ | | |

**दण्ड जरिवाना**

| क्र.स. | विवरण | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | सडकको क्षेत्राधिकारभित्र एवम् सार्वजनिक स्थलमा जथाभावि पार्किङ | रु ५०० देखि ५००० सम्म | | त्यस्ता मालसामान नियन्त्रणमा लिई जरिवाना |

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | गरेमा, निर्माण सामग्री राखेमा पशुचौपाया छाडा छोडेमा, जथाभावि होडिङ वोर्डराखेमा, जथाभावी फोहोर फालेमा, दर्ता प्रमाणपत्र विना व्यापार व्यवसाय सञ्चालनगरेमा तथा अन्य नगर आठविसकोट नगरपालिका नगर कार्यपालिकाले गर्न नहुने भनि तोकेकाकार्यहरु गरेमा | | | गरेर फिर्ता दिईने एवम जफत भएको ३५ दिनभित्र फिर्ता लिन नआएमा जफत गरिने |

## अनुसूचीहरु २ सँग सम्बन्धित

अनुसूची -२ क.

<u>जग्गाको वर्गीकरण अनुसार मालपोत दर</u>

| **वडा नं.** | **क्षेत्र** | **वर्गीकरण** | **स्थान** | **प्रति ५०० वर्गमिटरको मालपोत करको दर (रु)** |
|---|---|---|---|---|
| १ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | २५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | १५ |
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| २ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३० |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २० |
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| ३ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ४ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ५ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ६ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु(दामाचौरदेखि त्रिवेणीसम्म बाहेक) | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ७ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ५० |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | घ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ८ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | घ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ९ | व्यापारिक | क | राडीबजारस्थित नेत्रचोकदेखि क्याम्पसतिर जाने सडक र नेत्रचोकदेखि इलाका प्रहरी कार्यालय हुदैं पुलतिर जाने सडकको दायाँवायाँ १०० मिटरभित्र | २०० |
| | आवाशीय | ख | राडीबजारस्थित नेत्रचोकदेखि क्याम्पसतिर जाने सडक र नेत्रचोकदेखि इलाका प्रहरी कार्यालय हुदैं पुलतिर जाने सडकको दायाँवायाँ १०० मिटरभन्दा वाहिरको क्षेत्र | १७५ |
| | | ग | नेत्रचोकबाट घारीखोला हुँदै मुसिकोट जाने सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १०० |
| | | घ | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ५० |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १० | आवाशीय | क | नेत्रचोकबाट घारीखोला हुँदै मुसिकोट जाने सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १०० |
| | | ख | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ५० |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |
| | | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ११ | व्यापारिक | क | वडा नं. ११ स्थित सिमबजार क्षेत्र | २०० |
| | | ख | वडा नं. ११ स्थित चिसापानी र चौरको मुल सडकबाट १०० मिटरभित्रका जग्गा | १२० |
| | आवाशीय | ग | छेपारे चिसापानी हुँदै सिमबजार आउने सडकको १०० मिटरभित्रका जग्गाहरु | १०० |
| | | घ | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १२ | आवाशीय | क | नेत्रचोकबाट घारीखोला हुँदै मुसिकोट जाने सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १०० |

गोर्ख बहादुर जी.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | ख | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | कृषि | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १३ | आवाशीय | क | छेपारे चिसापानी हुँदै सिमबजार आउने सडकको १०० मिटरभित्रका जग्गाहरु | १०० |
| | आवाशीय | ख | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | कृषि | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १४ | आवाशीय | क | छेपारे चिसापानी हुँदै सिमबजार आउने सडकको १०० मिटरभित्रका जग्गाहरु | १०० |
| | आवाशीय | ख | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | कृषि | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |

अनुसूची २.ख

गोर्ख बहादुर
नगर प्रमुख

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम
कर्णाली प्रदेश

(क) आ.व. २०७८।०७९ को घरजग्गा रजिष्ट्रेसन पारित गर्ने तथा सम्पत्ति कर उठाउने प्रयोजनको लागि प्रति ५०० वर्गमिटरको न्यूनतम मूल्याङ्कन

| क.स. | वडा नं. | जग्गा | अब्बल | दोयम | सिम | चहार | पाँचौ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खेत | | | ५५,०००।०० | ३३,०००।०० | | |
| २ | | पाखो | | | ४४,०००।०० | २२,०००।०० | | |
| ३ | २ | खेत | | | ५५,०००।०० | ३३,०००।०० | | |
| ४ | | पाखो | | | ४४,०००।०० | २२,०००।०० | | |
| ५ | ३ | खेत | | | ५५,०००।०० | ३३,०००।०० | | |
| ६ | | पाखो | | | ४४,०००।०० | २२,०००।०० | | |
| ७ | ४ | खेत | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| ८ | | पाखो | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| ९ | ५ | खेत | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| १० | | पाखो | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| ११ | ६ | खेत | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| १२ | | पाखो | | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | | |
| १३ | ७ | खेत | | ३६३,०००।०० | २४२,०००।०० | १६५,०००।०० | | |
| १४ | | पाखो | | १८०,०००।०० | १००,०००।०० | ४५,०००।०० | | |
| १५ | ८ | खेत | | ३६३,०००।०० | २४२,०००।०० | १६५,०००।०० | | |
| १६ | | पाखो | | १८०,०००।०० | १००,०००।०० | ४५,०००।०० | | |
| १७ | ९ | खेत | | ३६३,०००।०० | २४२,०००।०० | १६५,०००।०० | | |
| १८ | | पाखो | | १८०,०००।०० | १००,०००।०० | ४५,०००।०० | | |
| १९ | १० | खेत | | ३६३,०००।०० | २४२,०००।०० | १६५,०००।०० | | |
| २० | | पाखो | | १८०,०००।०० | १००,०००।०० | ४५,०००।०० | | |

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम पश्चिम
कर्णाली प्रदेश, नेपाल

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | ११ | खेत | २४२,०००।०० | १८०,०००।०० | १२५,०००।०० | ६०,०००।०० | | |
| २२ | | पाँखो | १२५,०००।०० | ६०,०००।०० | ५०,०००।०० | २५,०००।०० | | |
| २३ | १२ | खेत | २४२,०००।०० | १८०,०००।०० | १२५,०००।०० | ६०,०००।०० | | |
| २४ | | पाखो | १२५,०००।०० | ६०,०००।०० | ५०,०००।०० | २५,०००।०० | | |
| २५ | १३ | खेत | | १२०,०००।०० | ६०,०००।०० | ४४,०००।०० | | |
| २६ | | पाखो | | ६०,०००।०० | ३५,०००।०० | २२,०००।०० | | |
| २७ | १४ | खेत | | १२०,०००।०० | ६०,०००।०० | ४४,०००।०० | | |
| २८ | | पाखो | | ६०,०००।०० | ३५,०००।०० | २२,०००।०० | | |

## अनुसुची-२.ग

**(ख) नगरपालिकाभित्रका विभिन्न बजार तथा बजारोन्मुख क्षेत्रका घडेरी जग्गाको न्यूनतम मूल्यांकन**

| | |
|---|---|
| २९ | **वडा नं. ३** |
| | हिमालय मा.वि. खदिको वरीपरी ५०० मिटरभित्रको जग्गाको प्रति ५०० वर्गमिटरको रु. ५ लाख |
| ३० | **वडा नं. ४, ५ र ६** |
| | मूलातरा बजार, त्रिवेणी बजार, घट्टेखोला बजार क्षेत्रको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी प्रति ५०० वर्गमिटरको रु. ६ लाख ५० हजार र ५०० मिटरभित्रको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्रसम्मको प्रति ५०० वर्गमिटरको रु. ५ लाख |
| ३१ | **वडा नं. ७** |
| | राडीज्यूउला क्याम्पस हुँदै दाजे जाने बाटो अन्तर्गत क्याम्पस देखि वडा कार्यालय रहेको स्थानसम्म १०० मिटरभित्र पर्ने घडेरी प्रति ५०० वर्गमिटरको रु. ७ लाख र सो बाहेक ५०० मिटरभित्रको मोटरेवल बाटोको १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको रु. ५ लाख |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | |
|---|---|
| ३२ | वडा नं. ८ |
| | हिमालय मा.वि. दाजेको वरीपरी ५०० मिटरभित्रको जग्गाको प्रति ५०० वर्गमिटरको रु. ५ लाख हजार |
| ३३ | वडा नं. ९ |
| | राडिज्यूला बजार क्षेत्रको मूल सडक(नेत्रचोक देखि इलाका प्रहरी कार्यालय हुँदै पुलतिर जाने बाटो र नेत्रचोकदेखि क्याम्पसतिर जाने बाटो)को १०० मिटरभित्र मुल बाटोसँग जोडिएको जग्गाको प्रति ५०० वर्गमिटरको रु. २५ लाख र सोभन्दा पछाडी परेको घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु. १५ लाख |
| ३४ | वडा नं. १० |
| | नेत्रचोकबाट घारीखोला हुँदै खलंगा जाने बाटो अन्तर्गत मूल बाटोबाट दायाँबायाँ १०० मिटरभित्रका घडेरी जग्गाको प्रति ५०० वर्गमिटरको रु. ८ लाख र सो बाहेक ५०० मिटरभित्रको १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको ५ लाख |
| ३५ | **वडा नं. ११** |
| | सिमबजार क्षेत्रको घडेरी जग्गा मूल सडकबाट १०० मिटरभित्रको भएमा प्रति ५०० वर्गमिटरको रु. १८ लाख र सोभन्दा बाहिर ५०० मिटरभित्रको १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको १२ लाख |
| | चिसापानीबजार, चौर, धुर्सेनी, गत्तसैना क्षेत्रको घडेरी जग्गा मूल सडकबाट १०० मिटरभित्रको भएमा प्रति ५०० वर्गमिटरको रु. ८ लाख र सो बाहेक ५०० मिटरभित्रको १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको ६ लाख |
| ३६ | **वडा नं. १३** |
| | भल्मा बजार क्षेत्रको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी प्रति ५०० वर्गमिटरको रु. ७ लाख र सो बाहेक ५०० मिटरभित्रको मोटरेवल बाटोको १०० मिटरभित्रसम्मको प्रति ५०० वर्गमिटरको रु. ४ लाख |
| ३७ | **वडा नं. १४** |
| | बाँकेज्यूला पीपलचौर र छेपारे बजार क्षेत्रको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी प्रति ५०० वर्गमिटरको रु. ७ लाख र सो बाहेक ५०० मिटरभित्रको मोटरेवल बाटोको १०० मिटरभित्रसम्मको प्रति ५०० वर्गमिटरको रु. ४ लाख |
| | **(ग) विविध** |
| ३८ | कुनै जग्गामा घर/गोठ रहेछ भने घरले चर्चेको जग्गाको मूल्यको थप ५० प्रतिशत मूल्य कायम गरी थैली अंक कायम गर्नुपर्नेछ । |
| ३९ | जग्गा रजिष्ट्रेशन पास गर्दा घर बाटो खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस, दलित वर्गमा पर्छ भने दलितको सिफारिस, मालपोत कर र सम्पत्ती कर तिरेको रसिद एवम् वडा कार्यालयले गर्ने अन्य सिफारिस |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | |
|---|---|
| | अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । सिफारिसमा तोकिएको मापदण्ड(जस्तै- सडकदेखि १०० मिटरभित्र पर्छ वा ५०० मिटरभित्र पर्छ या सोभन्दा बाहिर पर्छ भन्ने कुरा) बारे स्पष्ट रुपमा खुलाईएको हुनुपर्नेछ र सो जग्गामा घर छ भने घरको किसिम कच्ची पक्की कुन खालको हो स्पष्ट खुलाईनु पर्नेछ । |
| ४० | नगरपालिका, वडा कार्यालय वा अन्य विषयगत निकायबाट सिफारिस दिंदा वा प्रमाणित गर्दा वा वडा कार्यालय वा नगरपालिका वा अन्य विषयगत कार्यालयबाट अनुदान ऋण वा राहत प्रदान गर्दा वा कुनै उपभोक्ता समिति विद्यालय व्यवस्थापन समिति वा अन्य यस्तै समितिहरुमा बस्दा कानून बमोजिम कर तिरे नतिरेको जाँचबुझ गरी कर तिरेको रसिद संलग्न गर्न लगाउनु पर्नेछ । कानून बमोजिम कर नतिर्ने व्यक्तिहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ । |
| ४१ | सिफारिस दिने अधिकारीले यो मूल्यांकन पुस्तिका एक पटक राम्ररी अध्ययन गरी पुस्तिकामा भने बमोजिमको सिफारिस दिनुपर्नेछ । |

## अनुसूची २.घ

**<u>संरचनाको मूल्य निर्धारण</u>**

| क्षेत्र | | संरचनाको मूल्य (प्रति वर्गफिट) रु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा आर.सि.सि. छाना | | माटोको जोडाईमा आर.सि.सि. वा सिमेण्ट जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा जस्ता वा टायलको छाना | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ३३०० | २५०० | १९८० | १५०० | १३२० | १००० | ११०० | ८८० |
| ख | आवासीय क्षेत्र | ३००० | २००० | १८०० | १३०० | १२०० | ९०० | १००० | ८०० |
| ग | कृषि क्षेत्र | २७०० | १८०० | १६२० | ११०० | १०८० | ८०० | ९०० | ७२० |
| घ | वन तथा वगर क्षेत्र | २४३० | १५०० | १४५८ | ९०० | ९.७२ | ७०० | ८१० | ६४५ |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

# अनुसुची-२.ङ

गोर्ख बहादुर के.सी.

**कच्ची घर एकमुष्ट**

| वडा नं. | कच्ची घरको प्रकार र न्यूनतम मूल्य रु | | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|
| | घ१ | घ२ | घ३ | घ४ | | |
| १ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| २ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | घ१ भन्नाले ढुंगा वा इट्टाको गारो, टिन वा स्लेटले छोएको छानो, भूँईतला र बाँकी दुई तला(बुँईकल) भएका एवम् वाहिर सिमेन्ट प्लाष्टर गरिएंका घरहरु, घ२ भन्नाले ढुंगा वा इट्टाको गारो, टिन वा स्लेटले छोएको छानो, भुँईतला र बाँकी एक तला भएका घरहरु, घ३ भन्नाले ढुंगा वा इट्टाको गारो भई खर वा फुसले छाएको, भुईतला र थप एक तला भएका घरहरु र घ४ भन्नाले घ१, घ२ र घ३ वाहेकका घरहरुलाई बुझिन्छ। |
| ३ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ४ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ५ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ६ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ७ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ८ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ९ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | राडीबजार बाहेकका क्षेत्रमा | |
| | ६००,०००।०० | ४००,०००।०० | ३००,०००।०० | १००,०००।०० | राडीबजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजन बाहेक | |
| | ७००,०००।०० | ५००,०००।०० | ४००,०००।०० | १५०,०००।०० | राडीबजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजनको लागि | |
| १० | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| ११ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | सिमबजार र चिसापानी बजार बाहेकमा | |
| | ६००,०००।०० | ४००,०००।०० | ३००,०००।०० | १००,०००।०० | सिमबजार र चिसापानी बजार व्यापारिक र | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | व्यवसायिक प्रयोजन वाहेक | |
| | ७००,०००।०० | ५००,०००।०० | ४००,०००।०० | १५०,०००।०० | सिमबजार र चिसापानी बजार व्यापारिक र व्यवसायिक प्रयोजन | |
| १२ | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | | |
| | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर बाहिरका सबै क्षेत्र | |
| १३ | ५५०,०००।०० | ३५०,०००।०० | २५०,०००।०० | ५५,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर भित्रका व्यवसायिक र व्यापारिक प्रयोजन वाहेक | |
| | ६००,०००।०० | ४००,०००।०० | ३००,०००।०० | ६०,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर भित्रका व्यवसायिक र व्यापारिक प्रयोजन | |
| | ५००,०००।०० | ३००,०००।०० | २००,०००।०० | ५०,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर बाहिरका सबै क्षेत्र | |
| १४ | ५५०,०००।०० | ३५०,०००।०० | २५०,०००।०० | ५५,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर भित्रका व्यवसायिक र व्यापारिक प्रयोजन वाहेक | |

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६००,०००।०० | ४००,०००।०० | ३००,०००।०० | ६०,०००।०० | छेपारेदेखि चिसापानी हुँदै सिमबजार जोड्ने सडकको १०० मिटर भित्रका व्यवसायिक र व्यापारिक प्रयोजन | |

## अनुसूची २.च

### <u>संरचनाको ह्रास कट्टी</u>

| संरचनाको किसिम | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा आर.सि.सि. छाना | माटोको जोडाईमा आर.सि.सि. वा सिमेण्ट जोडाईमा जस्ता, टायलको छाना | माटोको जोडाईमा जस्ता, टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ ( ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३( ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६( ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९( १२.वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२( १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५( १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८( २१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |

अनुसुची ३.क

## <u>वहाल कर</u>

१। कूल भाडाको १० प्रतिशतका दरले मासिक रुपमा भाडा बापतको वहाल कर तिर्नु पर्नेछ।

गोर्ख बहादुर के.सी.
नगर प्रमुख

२. वहाल करको लागि विभिन्न वर्गका घरहरु/ग्यारेज/घुम्तीरजग्गा/अन्य संरचनाको न्यूनतम भाडा दर देहाय बमोजिम रहेको छ । यसमा उल्लेखित वाहेक अन्य कार्यविधि आठविसकोट नगरपालिका,, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| सि. नं. | न्यूनतम घर भाडा दर (प्रतिकोठा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क वर्ग | | ख वर्ग | | ग वर्ग | | ३ वर्ग | | ग्यारेज | घूम्ती |
| | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | | |
| ज्ञ | | | | | रु. २०००।०० | रु. ३०००।०० | रु. ५००।०० | रु. १५००।०० | प्रति १०० वर्गमिटर को रु. १०००।०० | प्रति घूम्ती रु. ५००।०० |

नोट : ग्रामिण बस्तीहरुमा माथि उल्लेखित न्यूनतम भाडा दरको ५० प्रतिशत मात्र न्यूनतम भाडा कायम हुनेछ ।

प्रमाणित गर्ने अधिकारी

दस्तखतः

नामः गोर्खबहादुर के.सी.

पदः नगर प्रमुख

कार्यालयः आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

मितिः २०७८/०३/३१ गते

गोर्खबहादुर के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम
कर्णाली प्रदेश, नेपाल

**आज्ञाले**

**ध्रुव प्रसाद लम्साल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**